प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा तहका सेमेष्टर परीक्षा प्रणालीका नियमित/आंशिक परीक्षाको आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७८।०४।१२)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधि, होटल म्यानेजमेण्ट कार्यक्रम दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्ड **नियमित/आंशिक** परीक्षा २०७८ भाद्र महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि २०७८।०४।२६ गते मंगलबार भित्र नियमित शुल्क र २०७८।०५।०१ गते मंगलबार भित्र बिलम्ब शुल्कको म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । ***साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समय भित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।***

**शर्तहरु:**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ ।

२. सेमेष्टर प्रणाली तर्फ परीक्षा शुल्क रु. २,०००।- तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तूर बुझाउनु पर्नेछ । परिषद्का आंगिक, साझेदारी र सरकारी/सामुदायिक बिद्यालयको हकमा नियमित परीक्षा शुल्क रु. ५००। मात्र लाग्नेछ । **साथै नियमित शुल्कको समय भित्र** Web Based Online System **मा फाराम** Entry **नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।**

३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम बुझाउनु पर्नेछ** र मिति **२०७८।०५।०४** भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत (निःशुल्क) छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७२/७३ (ई. सं. २०१५) मा भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन ।

८. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) देखि भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका सम्पुर्ण कार्यक्रमहरुको २०७४ देखि Online आवेदन फारामहरु Web Based Online System मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१०. आंशिक तर्फ शैक्षिक शत्र २०७२/७३ (ई.सं. २०१५) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षा आवेदन फारामसाथ www.ctevtexam.org.np मा उपलब्ध समष्टीगत फारामको Soft Copy मा समष्टीगत तयार गरी समष्टीगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत (Excel 7.0) मा अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

११. सेमेष्टर परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web Based Online System मा Entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

१२. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web Based Online System मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

१३. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१४. अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१५. नियमित तर्फ सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को वेवसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ र परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र **सेतो** कागजमा प्रिन्ट गरी पेश गर्नु पर्नेछ ।

१६. आंशिक तर्फ शैक्षिक शत्र २०७३/७४ (ई. सं. २०१६) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्को वेभसाइट www.ctevtexam.org.np मा उपलब्ध हुनेछ । परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र **पहेंलो** रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनु पर्नेछ ।

१७. आंशिक तर्फ शैक्षिक शत्र २०७२/७३ (ई. सं. २०१५) मा भर्ना भई रजिष्ट्रेशन भएका सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम परिषद्का प्रदेश कार्यालयहरुबाट उपलव्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

१८. शिक्षण संस्थाहरुले सम्बधित प्रदेश कार्यालयको देहाय बमोजिमको वैंक खातामा रकम जम्मा गर्नुपर्नेछ ।

अ. प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा परीक्षा आवेदन फाराम बुझाउने मिति : २०७८।०४।१२ देखि २०७८।०४।२६ गतेसम्म

आ. शिक्षण संस्थाले ITMS मा online Entry गर्ने नियमित शुल्कको मिति : २०७८।०४।२० देखि २०७८।०४।२७ गतेसम्म

इ. शिक्षण संस्थाहरुले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति : २०७८।०४।२७ गते

ई. प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा परीक्षा आवेदन फाराम विलम्ब शुल्कमा बुझाउने मिति : २०७८।०४।२७ देखि २०७८।०५।०१ गतेसम्म

उ. शिक्षण संस्थाहरुले बिलम्ब शुल्कको बैंक दाखिला र ITMS मा online Entry गर्ने अन्तिम मिति : २०७८।०५।०२ गते

| प्रदेश | कार्यालय | रा.बा. बैंक शाखा | च.हि.न |
|---|---|---|---|
| प्रदेश नं १ | ईटहरी | इटहरी, सुनसरी | २५५०१००००१२७८००१ |
| प्रदेश नं २ | जनकपुर | जनकपुर, धनुषा | १५२०१००००२६३९००१ |
| बागमती | मकवानपुर | हेटौंडा, मकवानपुर | १३००१००००३६६९००१ |
| गण्डकी | पोखरा | पोखरा, कास्की | ३५००१००००००२३४००१ |
| लुम्बिनी | बुटवल | बुटवल, रुपन्देही | ३३६०१००००००३६१००१ |
| कर्णाली | बीरेन्द्रनगर | सुर्खेत | ४०८०१०००१५५२८००१ |
| सुदुर पश्चिम | धनगढी | धनगढी, कैलाली | ४१७०१००००६५०८००१ |

१९. आंशिक तर्फ शैक्षिक शत्र २०७२/७३ (ई.सं.२०१५) मा भर्ना भई रजिष्ट्रेशन कायम भएका बार्षिक परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा Symbol No राख्दा Program Code + Institute Code + 301 बाट दोश्रो बर्ष प्रथम खण्ड त्यस्तै तेश्रो बर्ष प्रथम खण्ड लागि Program Code + Institute Code + 501 राख्नुपर्नेछ तथा आवेदन फाराममा Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ ।

**नोटः**

क. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७८।०४।२७ गते भित्र नियमित शुल्कको तथा मिति २०७८।०५।०२ गते भित्रमा बिलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

ख. शिक्षण संस्थाले सम्पुर्ण आवेदन फाराम तथा आवश्यक अन्य कागजातहरु सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुमा मिति २०७८।०५।०४ गते कार्यालय समयभित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ग. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य सम्पन्न नभएको भए बैकल्पिक बिधि वा भौतिक रुपमा उपस्थित गराई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै प्रशिक्षण कार्य सम्पन्न गर्नु पर्नेछ ।

घ. परिषद्, प्रदेश कार्यालयहरुलाई प्रशिक्षणको अवस्थाको अनुगमन गरी पाठ्यक्रम अनुसारको प्रशिक्षण कार्य सम्पन्न भए नभएको एकिन गरी बार्षिक परीक्षा प्रणाली अन्तर्गतका कार्यक्रमहरुको परीक्षा संचालन गर्नको लागि समयावधि तोकी सिफारिस गर्ने ।

ङ. परिषद्, प्रदेश कार्यालयको सिफारिसको आधारमा परीक्षाको कार्यतालिका प्रकाशन गरी परीक्षा संचालन गरिनेछ ।

**यो सूचना www.ctevtexam.org.np मा उपलव्ध हुनेछ ।**

**परीक्षा नियन्त्रक**